“सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!”

# कीर्तिपुर नगरपालिका अन्तर्गत जोखिममा परेका, सीमान्तकृत तथा सुविधाबाट बञ्चित समूहहरुको पहिचान सम्बन्धि

## अध्ययन प्रतिबेदन २०७६



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

**प्रकाशक**

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सूचना प्रविधि उपशाखा**
**फोन न** : ०१ ४३३१११०, ०१ ४३३१७९५
**फ्याक्स नं.** : ०१ ४३३१३८१
**वेवसाईट** : www.kirtipurmun.gov.np
**ईमेल** : iict.munkirtipur@gmail.com

**प्रकाशन प्रति** : ५००
**प्रकाशन मिति** : २०७६

**सहयोग**

यो अध्ययन प्रतिबेदन कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा २०७६ मा तयार तथा प्रकाशन गरेको हो ।

**अस्वीकरण**
यस अध्ययन प्रतिबेदनमा व्यक्त विचार लेखकका हुन् र तिनमा युएनडीपी, नेपालको प्रतिनिधित्व गर्दैनन् ।

© कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सूचना प्रविधि उपशाखा

तस्बिर सौजन्यः युएनडीपी नेपाल, पुर्णिमा श्रेष्ठ, ज्ञानकुमार महर्जन र कीर्तिपुर नगरपालिका

"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"

# कीर्तिपुर नगरपालिका अन्तर्गत जोखिममा परेका, सीमान्तकृत तथा सुविधाबाट बञ्चित समूहहरुको पहिचान सम्बन्धि

## अध्ययन प्रतिबेदन २०७६


किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं



किपू नगरपालिका

# कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं ।
बागमती प्रदेश, नेपाल ।

प.स.

च.न.

मितिः-



## भूमिका

सन् २०१४ मा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले गरिबीको अन्त्य, पृथ्वीको रक्षा गर्न र सबै मानिसको शान्ति र समृद्धि सन् २०३० सम्म हासिल गर्नका निम्ति १७ वटा दिगो विकासका लक्ष्यहरू अपनाएका थिए । दिगो विकास लक्ष्यहरूले विश्वव्यापी चुनौतीहरू जस्तै गरिबी, असमानता, जलवायु परिवर्तन, वातावरणीय ह्रास, शान्ति, न्याय र स्वास्थसम्बन्धी सम्बोधन गरी अझ राम्रो र दिगो भविष्य प्राप्त गर्ने खाका हुन् । दिगो विकास लक्ष्य २०३० ले कसैलाई पछाडि नछोड्ने संकल्प गरेको छ । यस संकल्पको लक्ष्य समाजमा रहेका पिछडिएका र कमजोर वर्गलाई समेट्नु हो । दिगो विकासका लक्ष्यहरू नेपालको राष्ट्रिय विकासका खाका (फ्रेमवर्क) मा एकीकृत गरिएको छ । नेपालको १५ औं पञ्चवर्षीय योजनामा दिगो विकासका लक्ष्यहरूलाई मुख्य आधार बनाएको छ । यसैगरी नेपालको २५ वर्षे दीर्घकालीन भिजन (दृष्टिकोण) ले दिगो विकासका लक्ष्यहरू हासिल गर्न आन्तरिकीकरण गरिएको छ ।

यही सन्दर्भमा यस कीर्तिपुर नगरपालिकाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपालको सहयोगमा नगरपालिकाभित्र बसोबास गर्ने पछाडि पारिएको/परेको, सीमान्तकृत र बहिष्कृत वर्ग र समुदायहरूको पहिचान गरी तिनीहरूको समस्याहरूलाई सम्बोधन गर्ने मूल उद्देश्यले यो अनुसन्धान गरिएको छ । अनुसन्धानले यस नगरपालिकामा बसोबास गर्ने विभिन्न वर्ग जस्तै : दलित, आदिवासी जनजाति, गरिब, बृद्ध, युवा, महिला, अपाङ्ग र बालबालिकाहरूको परिस्थितिगत विश्लेषण गरिएको छ । यस अनुसन्धानले नगरपालिकाभित्रका पछाडि पारिएको/परेको वर्ग र समुदायहरूको क्षमता विकास, आवश्यकता र विकासका अवरोधहरूको पहिचान गरेको छ । त्यसैगरी बहिष्कृत, कमजोर र सीमान्तकृत समुदायहरूको मुद्दा पहिचान गरी तिनीहरूको आवश्यकतालाई प्रस्ट्याउने काम गरिएको छ । यस अनुसन्धानले दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा कोही पछि नपरुन्, कसैलाई पछाडि नपारियुन् भन्ने सुनिश्चित गर्दै कीर्तिपुर नगरपालिकाको विभिन्न सरोकारवालाहरूलाई दिगो विकासका लक्ष्यहरू हासिल गर्न उपयोगी हुने विश्वाससमेत कीर्तिपुर नगरपालिकाले गरेको छ ।

यस अनुसन्धानलाई पूर्णता दिनुहुने अनुसन्धानकर्ताद्वय कमला थापा र रिचा प्रधानलाई धन्यवाद दिन चाहन्छु । अन्तमा यस अनुसन्धानका लागि आर्थिक सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपाल (युएनडीपी) प्रति कीर्तिपुर नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ । त्यसैगरी सुरुदेखि अन्त्यसम्म नै आवश्यक सहायता, निर्देशन र सुझाव प्रदान गर्नुभएकामा युएनडीपीका लैङ्गिक तथा सामाजिक समावेशीकरण सल्लाहकार विन्दा मगर र गीताञ्जली राईलाई धन्यवाद दिन चाहन्छु ।

**रमेश महर्जन**
नगर प्रमुख
कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१
Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805,4331693, Fax No.: 977-1-4331381,
E-mail: ict.munkirtipur@gmail.com

# कृतज्ञता ज्ञापन

यस अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य समय र जानकारी दिने नगरपालिकाका विभिन्न वडाका महिलाहरू, दलित समुदाय, आदिवासी जनजाति समुदाय, कृषक समुह, युवा समुह, विधार्थी, यौनिक अल्पसंख्यक लगायत कीर्तिपुर नपरपालिकाका वासिन्दाहरू प्रति हामी हार्दिक कृतज्ञता प्रकट गर्दछौ । उहाँहरूसँग गरिएको छलफल र अन्तरक्रियाको परिणाम स्वरुप यस अध्ययनलाई निचोडमा पुऱ्याउन हामी सफल भएका छौं ।

यो अनुसन्धानका लागि अनुदान सहयोग प्रदान गरेकोमा युएनडीपी प्रति हामी धेरै आभारी छौं । त्यसैगरी, युनडीपीका लैङ्गिक तथा सामाजिक समावेशीकरण विशेषज्ञ बिन्दा मगरलाई विशेष धन्यवाद दिन्छौ जसको सहयोग तथा हौसलाले यो अध्ययन यति खँदिलो बन्यो । यस अध्ययनको क्रममा कीर्तिपुर नगरपालिकाका नगर प्रमूख रमेश महर्जन र उप प्रमूख सरस्वती खड्काले हाम्रो अध्ययन टोलीलाई गर्नुभएको सहजीकरण र सहयोगका लागि हामी आभारी छौं । यस क्रममा कीर्तिपुर नगरपालिकाकी कर्मचारी संगीता लामाले गर्नुभएको सहयोगको लागि पनि धेरै धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, हामीसँगै दिगो लक्ष्य २०३० लाई स्थानीयकरण गर्ने अध्ययन गर्नुहुने डा. संग्राम लामा, लैङ्गिक तथा सामाजिक समावेशीकरण बिशेषज्ञ र अधिवक्ता सुरेन्द्र सुवेदीलाई उहाँहरूले प्रदान गर्नु भएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

**अनुसन्धानकर्ता :**
**कमला थापा र रीचा प्रधान**

# विषय सूची


भाग १ परिचय, विधि र क्षेत्र २

१. परिचय : ४

भाग २ अनुसन्धान खोजहरू १०

२.१. जोखिममा रहेका, सीमान्तकृत र बञ्चितीकरणमा परेका समुदायको पहिचान र वस्तुगत विवरण १२

२.२. दुई समूह (महिला समूह र दलित महिला समूह) मा लक्षित समुह छलफल मार्फत जोखिममा रहेका, सीमान्तकृत र विपन्न समूहको पहिचान र तिनीहरूको आवश्यकताको मूल्यांकन। १६

२.३. अवलोकन १७

भाग ३ मुख्य चुनौतीहरू र आगामी कदम १८

३. मुख्य चुनौतीहरू २०


४. पहिचान गरिएका आवश्यकता र आगामी कदम २१

सन्दर्भ सामग्री सूची २४

परिशिष्ट २५

परिशिष्ट १: समुदायसँग छलफलका केही झलकहरू २५

परिशिष्ट २: लक्षित समुह छलफलका प्रश्नहरू २६



भाग

१



# परिचय, विधि र क्षेत्र

# १. परिचय :

यो अनुसन्धान प्रतिवेदनले कीर्तिपुर नगरपालिकाको सामाजिक, सांस्कृतिक, आर्थिक संरचनामा पँहुच हुन नसकेका समुदायहरूको सन्दर्भमा कीर्तिपुर नगरपालिकाका नीतिहरू, योजना र कार्यक्रमहरू र संस्थागत व्यवस्थाहरू र तिनको कार्यान्वयनको प्रणाली पुनरावलोकन र विश्लेषण गर्ने उद्धेश्य राखेको छ । यो अनुसन्धानमा विशेषतः कीर्तिपुर नगरपालिकाले ध्यान दिन नसकेका वा प्रर्याप्त मात्रामा वास्ता नगरिएका खास खास समुदायहरू जो सूचनाबाट बन्चित छन्, श्रोतको पँहुचमा कमी छ, निर्णायक तहमा छैनन् र विपन्न वर्गमा समावेश भएका समुदायहरूको पहिचान र उहाँहरूको आवाजलाई समेटिएको छ ।

## राष्ट्रिय दायित्व

नेपालका राजनितिक, सामाजिक र आर्थिक प्रणालीहरू विगत देखि नै असमान भएको इतिहास छ । प्राचीनकाल देखि नै नेपालको हिन्दु वर्ण व्यवस्थालाई सांस्कृतिक रुपमा नै चार जात ब्राम्हण, क्षत्री, वैश्य र सुद्रमा विभाजित गरिएको र व्यवसायीक समुहलाई अछुत जातको रुपमा विभाजित गरि सामाजिक बहिष्करणलाई संस्थागत गरिएको इतिहास रहेको छ । तथापी, १९६३ मा जातीय आधारमा विभेद उन्मूलन संस्थागत गरिए पनि सामाजिक वर्गिकरण र विभाजन कायमै रह्यो ।

केही वर्ष यता विगतको परिदृष्यमा परिवर्तन आएको छ जब नेपालको संविधान, २०७२ ले नेपाललाई सबै नागरिकका लागि समानताको अधिकार सहित समाबेशी राज्य व्यवस्था/घोषणा गऱ्यो । लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि नेपालले विभिन्न अन्तराष्ट्रिय महासन्धि, सन्धि तथा संझौताहरूमा हस्ताक्षर गर्ने कानुनी दायित्व रहेको छ । नेपालले यस प्रतिको प्रतिबद्धतालाई प्रभावकारी कार्यान्वयनको लागि विषयगत/क्षेत्रिय नीति र मार्गनिर्देशिकाहरू निर्माण गरेको छ । नेपालले सन् २०१३ मा लैङ्गिक र समावेशीकरण नीति निर्माण गरेको र सन् २०१५ देखि २०२० सम्म लैङ्गिक र समावेशीकरण रणनीतिको सफलतापूर्वक कार्यान्वयन गरेको छ ।

नेपालको संविधानले समानता र सामाजिक न्यायको अवधारणालाई आत्मसाथ गरेको छ । यो परिभाषालाई अझ स्पष्ट बनाइनु आवश्यक छ । यी समूहहरू जसलाई बहिष्करणमा परेका, जोखिममा रहेका (कमजोर) र पिछडिएको वा सुविधाबाट वञ्चित वर्ग भनिन्छ, तिनमा महिला, आदिवासी जनजाति, गरिवीको रेखामुनी रहेका मानिस, दलित, अन्य पिछडिएका वर्ग, मधेशी, मुस्लिम, यौनिक अल्पसंख्यक, नागरिकता विहिन व्यक्ति, अपाङ्गता भएका व्यक्तिहरू, दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिस, वालवालिका, युवा, बृद्ध, एचआईभी/एड्स प्रभावित, यौनकर्मीहरू, बेचविखनका पीडित व्यक्तिहरू, अनौपचारिक क्षेत्रमा काम गरिरहेका व्यक्तिहरू वा असुरक्षित रोजगारीमा काम गर्ने व्यक्तिहरू, आप्रबाशी तथा ज्यालादार कामदार, भुकम्प वा बाढी पहिरो प्रभावित वा पीडित समुदायहरू र भूमिहिनहरू पर्दछन् ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको जनसंख्या २८.७ करोड र प्रतिव्यक्ति आय अमेरिकी डलर ८५० रहेको छ ।। नेपालले गरिवी निबारण र मानव विकासमा उल्लेखनीय सफलता हासिल गर्न सकेता पनि दक्षिण एसियामा निरपेक्ष गरिवीको उच्चतम प्रतिशत घटाउन अझै लामो यात्रा तय गर्नु पर्ने देखिएको छ ।

दिगो विकासका लागि नेपाल विश्वव्यापी पहलको एक सकृय हिस्सा भएको छ जुन यसका नीति र कार्यक्रमहरूमा झल्किन्छ । सहस्राव्दी विकास लक्ष्य (एमडिजी) को कार्यान्वयनले नेपालका निश्चित सामाजिक र वातावरणीय परिसूचकहरूमा सुधार आएको छ र मानव अधिकार, न्यायमा पहुँच, सामाजिक समावेशीकरण, पूर्वधार र दिगो विकास जस्ता अन्य सामाजिक मुद्दाहरू स्पष्ट रुपमा सम्बोधन उन्मूख भइरहेकाछन् दिगो विकासका लक्ष्यहरू (एसडिजी) को कार्यान्वयनसँगै । नेपालले सहश्राब्दी विकास लक्ष अन्तर्गत गरेको प्रगतिलाई कायम राख्दै लैङ्गिक,

सामाजिक र भौगोलिक समावेशीकरणलाई एसडिजी २०३० ले सम्बोधन गर्नु आवश्यक छ । कोही पनि पछाडि नपरुन् भन्ने उद्धेश्यका साथ पछाडि नपारिने गरि जोखिम, सीमान्तकृत र सीमान्तकृत समुदायलाई पहिचान गर्न आवश्यक छ ।

## अन्तर्राष्ट्रिय दायित्व

नेपालले धेरै अन्तर्राष्ट्रिय दस्ताबेजहरूलाई अनुमोदन गरेको छ । तीमध्येका महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने (सीःड) महासन्धि, जातीय भेदभाव अन्त्य गर्ने महासन्धि, सन् १९९१ मा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनको आदीवासी तथा जनजाति सम्वन्धि महासन्धि नं. १६९, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र पारित तथा अनुमोदन रहेका छन् । सन् २०१५ मा विश्वका नेताहरूबाट अनुमोदन भएको सन् २०३० को दिगो विकासका लक्ष्यहरू, जसले विश्व शान्ति र सम्बृद्धि हासिल वा प्राप्त गर्ने आधार प्रदान गर्दछ । यस प्रस्तावमा, विविध र एकीकृत सत्रवटा दिगो विकास लक्ष्यहरू समावेश गरिएका छन् जसलाई विश्वव्यापी साझेदारी मार्फत सबै सदस्य राष्ट्रले हासिल वा प्राप्त गर्नुपर्नेछ । नेपाल सरकारले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि मार्गचित्र तय र गर्नुपर्ने कार्य सुझाएको छ ।

## लैङ्गिक र सामाजिक समावेशीकरण

सरकारको निर्देशिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी परिभाषा गरेको छ । जसले महिला, विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्तिको सम्बन्धलाई सम्बोधन गर्ने अवधारणाको रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई परिभाषित गरेको छ ।सीमान्तकृत समूह भनेको त्यो समूह हो जो वर्षौंदेखि संस्थागत रुपमा अर्थव्यवस्था, जाति, वर्ण, लिङ्ग, अशक्तता, भौगोलिक स्थान, यौनिक तथा अल्पसंख्यकका आधारमा बहिष्करणमा परेको छ । सबै गरिव समुदाय, भौगोलिक स्थानहरू, लिङ्ग, महिला, दलित, आदिवासी समुदाय, मधेसी, मुस्लिम, अशक्त मानिसहरू, दुर्गम क्षेत्रका मानिस र नागरिकता विहिन व्यक्तिहरू सीमान्तकृत वर्गमा गनिएका छन् । सीमान्तकृत र जोखिम समुहमा गणना हुन कुनै निश्चित परिभाषा छैन; यद्यपी, नेपालमा कार्यरत विकासमा संलग्न संघ संस्थाहरूको बुझाईमा जोखिमपूर्ण परिस्थितिजन्य अवस्था हो जुन उनीहरूको शारीरिक अशक्तता, उमेर, भौगोलिक क्षेत्र, रोग, जोखिम वा प्रकोपको कारण हुन सक्दछ । बालवालिकाहरू,, युवाहरू, बृद्धबृद्धाहरू, प्रकोप प्रभावित, एचआईभी एड्स प्रभावित, यौनकर्मीहरू र मानव तस्करीबाट पीडित व्यक्तिहरू पनि जोखिममा रहेका मानिसहरू भनेर कहलिन्छन् ।

## नेपालमा दिगो विकासका लक्ष्यहरू

दिगो विकासका लक्षहरू सामाजिक, आर्थिक र वातावरणीय न्याय गरि तीन आयाममा आधारित छन् । दिगो विकास लक्ष्यहरूमा सहमति भै सन् २०१८, जनवरी देखि कार्यान्वयनमा आइसकेको छ, जसमा विभिन्न विधाहरू, १६९ उद्देश्य, सहित १७ वटा लक्ष्यहरू रहेका छन् । एसडीजी पूर्णतः महत्वकांक्षी छन् । यी महत्वकांक्षी लक्ष्यहरूको उपलब्धी र प्रभावकारी कार्यान्वयनका लागि ठूलो मात्रामा श्रोत साधन र क्षमताको आवश्यकता पर्दछ । यसले “कोही पनि पछाडि नपरुन्” भन्ने बृहद् लक्ष्य राखेको छ ।

सन् २०१५ मा नेपाल २०३० दिगो विकास लक्षको हस्ताक्षर गरेको देश मध्ये एक हो र यसले राष्ट्रिय प्रतिवेदन र एसडीजीका सूचकहरू विकास गरेको छ । नेपाल सरकारले १४ औं आवधिक विकास योजनामा एसडीजी प्रतिविम्वित भएका छन् जुन अल्पविकसित देशहरूको (एलडीसी) स्थितिबाट माथि उक्लिने मध्यकालिन दृष्टिकोण

वा उद्देश्य सहित सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रुपमा विकास गर्ने दीर्घकालिन उद्देश्य राखिएको छ । आगामी १५ वर्षका लागि पहिचान गरिएका विकासका लक्षहरूमा कृषि, साना व्यवसाय, भौतिक पूर्वाधार, पर्यटन, उर्जा, वित्त र खुद्रा व्यापार जस्ता सेवाहरूको विकास र विस्तार रहेका छन् ।

## अध्ययनका उद्देश्यहरु

यो अध्ययनको मूल उद्देश्य समुदायमा स्रोत तथा अवसरबाट बञ्चितिकरणमा परेका महिला, जनजाति, दलित, मधेसी तथा अन्य अल्पसंख्यकहरू, सामाजिक विकासको मूलप्रवाहमा सहभागी नभएका गरिब, फरक पहिचान भएका मानिसहरू, वृद्ध, यौनिक अल्पसंख्यक, आमा समूह र कमजोर वा जोखिममा रहेका समूदायको अवस्था विश्लेषण गरि आवश्यकताहरूको मूल्यांकंन तथा पहिचान गर्नु रहेको छ । यस अध्ययनले समुदायमा सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक तहमा सबैको सहभागिता सुनिश्चित गर्नका लागि समुदायस्तरबाटै समावेशीकरणका अभ्यासहरू थाल्ने र समुदायमा सद्भाव कायम गर्दै व्यक्ति तथा समुदायबीचको सामाजिक सम्बन्ध सुधार र सुदृढ गर्न मद्दत गर्नु रहेको छ । नीतिगत तहमा कीर्तिपुर नगरपालिकाको हरेक क्रियाकलापमा योगदान पुऱ्याउने हेतुले स्थानीय स्तरका क्रियाकलापहरू सञ्चालन गर्नु गराउनु रहेकोछ ।

## अनुसन्धानका प्रश्नहरु

अनुसन्धानका मुख्य प्रश्नहरू निम्न बमोजिम रहेका छन्:

१. को हुन् जोखिममा रहेका, बहिष्करण र सीमान्तीकरण भोगेका समुदाय ? तिनीहरूको सामाजिक आर्थिक अवस्था के छ ?

२. दिगो विकासका लक्ष्य प्राप्त गर्न उनीहरूका आवश्यकताहरू के के हुन् ? सेवा, सूचना र अवसरहरूको पहुँचमा उनीहरूले सामना गर्नुपरेका अन्तर अवरोधहरू के के हुन् ?

३. सेवा प्रदायकहरू को हुन् अर्थात नगरपालिका र वडा कार्यालयहरूले एसडीजी लक्ष्यहरूलाई आफ्नो योजना र नीतिमा समाहित गर्न के गरिरहेका छन् ?

४. सेवा प्रदायकहरूले सीमान्तकृत र जोखिममा रहेका समुदायहरूको आवश्यकतालाई सम्बोधन गर्न कसरी योजनाबद्ध तरिकाले काम गरिरहेका छन् ?

५. समुदायले कसरी एसडीजी लक्ष्यहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउँन सक्छ ?

## अनुसन्धान विधि

यस अध्ययनमा समाजशास्त्रीय अनुसन्धान विधिको अवलम्बन गरिएको छ जसमा अवलोकन, लक्षित समुह छलफल, अन्तवार्ता, घटना अध्ययन रहेको छ ।

**अनुसन्धानको स्वरुप:**

अनुसन्धान वर्णनात्मक अनुसन्धानको खाकामा आधारित छ र अध्ययनमा प्राथमिक र द्बितीयक दुबै तथ्याङ्कको प्रयोग गरी गुणात्मक र संख्यात्मक दुवै पद्धतिको प्रयोग भएको छ ।

### अध्ययनको विषय क्षेत्र

अध्ययनको विषय क्षेत्र पूर्णतः कीर्तिपुर नगरपालिकाको वडा १ देखि वडा १० का जोखिम, सुविधाबाट वञ्चित र गरीबीको रेखामुनी रहेका समुदाय महिला, आदिवासी जनजाति, दलित, कृषक, वालवालिका, यौनिक अल्पसंख्यक, अपागंता भएका व्यक्तिहरूसँग गरिएको छलफल र ती छलफलबाट आएका कुराहरू समेटिएका छन् ।

### नमूना संकलन गरिएका समुदाय र जिल्लाः

कीर्तिपुर नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा महिला, आदिवासी जनजाति, दलित, यौनिक अल्पसंख्यक, अपागंता भएका व्यक्तिहरू, कृषक आदि छनौट गरिएको हो ।

जोखिम, सुविधाबाट वञ्चित र गरीबीको रेखा मुनी रहेका समुदाय महिला, आदिवासी जनजाति, दलित निम्न आधारमा छनौटमा परेका छन् :

१० वटा बडा कार्यलयको सुझाव बमोजिम, कीर्तिपुर नगरपालिकाले खटाएका सम्पर्क व्यक्तिद्धारा व्यवस्थापन गरेका समुदायहरू, जस्तै महिला समुह, दलित समुह, सुविधाबाट वञ्चित समुदाय, वालवालिका, यौनिक अल्पसंख्यक, कृषकहरूसँग छलफल गरिएको थियो ।

## स्वरुप र प्रमाणका स्रोतहरू

तथ्याङ्क प्राथमिक र द्धितीयक दुवै स्रोतबाट सङ्कलन गरिको थियो । प्रथामिक स्रोतमा छनौटमा परेका समुहहरू, वडाहरूबाट अध्ययन भ्रमणबाट लिइएका सामग्री पर्दछन् । द्धितीयक स्रोतमा प्रकाशित पुस्तक, प्रतिवेदन, लेख र अप्रकाशित प्रतिवेदन पर्दछन् ।

### नमूना सर्वेक्षण र प्रश्नावलीः

लक्षित नमूना सर्वेक्षणमा प्रश्नको जवाफ दिने कुल जनसंख्या …….थियो जसमा हरेक नमूना महिलाका समूहहरू, दलित समूह, आदिवासी समूदाय, वालवालिका समूह, कृषक समूह, यौनिक अल्पसंख्यक समूह (LGBTIQ)हरूमा सर्वेक्षण गरिएको थियो (तालिका २)

### लक्षित समूह छलफलः

लक्षित समूह छलफल र सहभागिता स्थानीय वडाका समूदायहरूसँग गरिएको थियो ।

वडा नं १० बाटः

वडा नं ९ बाटः

वडा नं ८ बाटः

वडा नं ४ बाटः

वडा नं ३ बाटः


### अन्तर्वार्ताः

छनौटमा परेका सवै १० वटा वडावाट प्रतिनिधित्व हुनेगरी वडा अध्यक्ष, महिला प्रतिनिधि, दलित प्रतिनिधि नगर प्रमुख, उप प्रमुखसँग अन्तवार्ता लिइएको थियो । अन्तवार्ताको क्रममा नगरपालिकाका स्थानीय नेतृत्ववर्ग, राजनैतिक नेता, सामाजिक कार्यकर्ताहरूसँग पनि अन्तवार्ता लिइएको थियो ।


### नक्शाः

कीर्तिपुर नगरपालिका इतिहासमा फरक पहिचान बोकेको शहर मानिन्छ जसको कूल क्षेत्रफल १४.७६ वर्ग कि.मी रहेको छ । २०६८ सालको राष्ट्रिय जजगणना अनुसार कीर्तिपुर नगरपालिकाको कूल जनसंख्या ६५,६०२ जना रहेकोमा पुरुषको ५५.५० प्रतिशत र महिलाको ४४.५० रहेको छ । कीर्तिपुर नगरपालिकाको उत्तरमा काठमाडौ महानगरपालिका, दक्षिणमा दक्षिणकाली नगरपालिका, पूर्वमा वागमती नदी र ललितपुर महानगरपालिका, पश्चिममा चन्द्रागिरी नगरपालिका पर्दछन् । कीर्तिपुर बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक सम्पदाले भरिपूर्ण भएपनि नेवार समुदायको बाहुल्यता तुलनात्मक रुपले बढी रहेको छ ।

### कीर्तिपुर नगरपालिको नक्शाः



**कीर्तिपुर नगरपालिकामा हालका जनप्रतिनिधिहरूको अवस्था:**




***नोट:***

*पु/आ= पुरुष आदिवासी, म/क्ष,बा = महिला क्षेत्री ब्राम्हण, पु/क्ष,बा = पुरुष क्षेत्री ब्रामण, म/आ = महिला आदिवासी, म/द = महिला दलित, पु/द = पुरुष दलित*

कीर्तिपुर नगरपालिकामा जम्मा १० वडामा ५१ जनाको प्रतिनिधिमा ३ सदस्य नगरपालिका सदस्य गरी जम्मा ५४ जना रहेको मा यस डाटामा नगर प्रमुख र उपप्रमुख समावेश गरिएको छैन । नगर प्रमुख आदिवादी पुरुष र उप प्रमुख महिला क्षत्री बाम्हण समुहबाट रहेका छन् ।





भाग

# २



# अनुसन्धान

## २.१. जोखिममा रहेका, सीमान्तकृत र बञ्चितीकरणमा परेका समुदायको पहिचान र वस्तुगत विवरण

### क) आदिवासी जनजाति समुदायः

कीर्तिपुर नगरपालिकामा मुख्यत नेवार र तामाङ आदिवासीको बसोवास रहेको छ । सन् २०११ को जनगणना अनुसार नेवार जातिको संख्या २४,४४१ रहेको छ । जसमा महिला १२,३५४ रहेको छ भने पुरुष १२,०८७ रहेको छ । त्यसै गरी तामाङ जातिको सख्या २,४१९ रहेको छ जसमा १,६०८ महिला छन् भने १,८११ पुरुष रहेको छ ।

तामाङ जाति बिशेषत वडा नंः ४ मा बसोबास गर्दै आएका छन् । तामाङ जातिको परम्परा पेशा भनेको खेतीपाती गर्ने र रक्सी बनाउने रहेको छ । तामाङ बस्ती भौगोलिक रुपमा तुलनात्मक रुपले अन्य भन्दा चुनौतीपूर्ण देखिन्छ किनभने यहाँ बाटोको समस्या चर्को छ । ढल व्यवस्थापन राम्रो नभएकाले वर्षायाममा भिरालो क्षेत्रमा सानातिना पहिरो जाने र भल बग्ने समस्या बढी छ । सरकारी वडा कार्यालय, नगरपालिका र अन्य सेवा केन्द्रहरूमा तामाङ जातिको पहुँच अरुको भन्दा निकै कम रहेको छ ।

एक त बस्ती टाढा, त्यसमाथि नेतृत्व तहमा यो जातिको प्रतिनिधित्व कम भएकाले सूचना प्रवाहमा पनि कमी कमजोरी रहेको छ । स्वास्थ्य सेवा केन्द्रमा यो समुदाय धेरै निर्भर रहेको छैन किनकी महत्वपूर्ण औषधीहरू त्यहाँ नपाईने, डाक्टरहरू नभेटिने र महत्वपूर्ण चेक जाँच गर्न स्वास्थ्य सामग्रीहरूको उपलब्धता नभएका उनीहरू बताउँछन् । सरकारी विद्यालयमा शिक्षाको गुणस्तर कम भएको र बेलाबेलामा त्यहाँ जातिय आधारमा भेदभाव हुने गरेको बताइन्छ । शिक्षकहरू अद्यावधिक नभएको र गुणस्तर शिक्षा प्रदान नगर्ने भएकाले निजी विद्यालयमा धेरैले आफ्ना वालवालिकालाई पठाउने गरेकाछन् । यस वस्तीमा धाराबाट फोहोर पानी आउने गरेकाले सफा पानीका लागि धेरै टाढा धारामा जानु पर्ने बाध्यताले गर्दा महिलाहरूको अधिकाशं समय पानी थाप्न विताउनु परेको दुखेसो समुदायको रहेको छ ।

नगरपालिकाले दिने तालिमहरू यस जाति बिशेषको सीप र ज्ञान अनुरुप नहुने भएकाले तालिम प्रति चाहना नभएको स्थानीयहरूले बताए । स्थानीय तहमा तामाङ समुदायबाट प्रतिनिधित्व नभएका कारण तालिम बारे जानकारी प्राप्त गर्न गाह्रो भएको उनीहरू बताउँछन् ।

### ख) पोडे समुदायः

नेवार जाति भित्र पर्ने पोडे जातिको परम्परागत पेशा झाङ लगाउने रहेको छ । वडा नंः १० को ढोकासी बलमा ४५ घरधुरी रहेका छन् । विशेषत यस समुदायले समाजबाट भेदभाव भोग्नु परेको छ । तल्लो जाति भनेर समाजले हेप्ने गरेको पाइएको छ ।

यस समुदायका बालबालिकाले पढाई छिटो छोड्ने गरेको पाईयो । जसको मुख्य कारणमा विद्यालयमा हुने जातिय आधारमा हेला, भेदभाव र जिस्काउने कारण । कतिपय बालबालिकाले कक्षा ६, ७ मै विद्यालय स्तरीय पढाइलाई छाड्ने गरेको पाईयो । त्यसै गरी यो समुदायमा जनचेतनाको अभाव रहेको छ जसको कारण बाल विवाहको दर उच्च छ । शिक्षा र जनचेतनाको कमीले गर्दा बाल विवाहलाई सहज ढङगमा लिईन्छ । भेदभावको कारणले यो समुदायले आफुलाई देउला लेख्न थालेका छन् । देउला लेखेकोमा अहिले अलि भेदभाव कम भएको महसुस समुदायको ठहर छ ।

यस समुदायको सूचना र जानकारीको पहुँच थोरै छ । नयाँ पुस्ताले नगरपालिकाको सूचना मोबाईल वा सामाजिक संजाल मार्फत हेर्छन । तर सबैले प्रविधिको सदुपयोग गर्न नसक्ने हुनाले सूचना प्रवाहमा समस्या भएको उनीहरू बताउँछन् । पहुँचको कमीले गर्दा काम गर्न गाहो छ । कुनै पनि कार्यक्रम वा तालिम यस समुदाय लक्षित

गरिएको पाइएन । अन्य समस्यामा सफा खानेपानीको समस्या र ढल व्यवस्थापन रहेको उनीहरूले बताए ।

पोडे समुदायले बाल विवाह सम्बन्धी जनचेतना कार्यक्रम र भेदभाव हटाउने किसिमको शिक्षा वा कार्यक्रम सञ्चालन गरिनुपर्ने माग गरेका छन् ।

## ग) यौनिक अल्पसंख्यक

कीर्तिपुर नगरपालिकाका यौनिक अल्पसंख्यकहरूको समस्यामा उनीहरू माथि हुने दुर्व्यवहार, भेदभाव र लान्छना मुख्य रहेकाछन् । सामाजिक कारणले धेरै जना खुलेर बाहिर निस्कन सकेका छैनन्। अर्को समस्या भनेको उनीहरूको पहिचानको कारणले गर्दा रोजगारी पाउन चुनौतीपूर्ण छ जसले गर्दा अधिकाशं यौन पेशामा लाग्न बाध्य छन् । त्यसो त नगरपालिका वा वडा स्तरको कार्य समितिमा उनीहरूलाई समावेश गरिदैन जसका कारण उनीहरूका लागि आफ्ना सवाल राख्ने उचित स्थान भेटिएन । । वडा तथा नगरपालिकामा यस समूहको कुनै प्रतिनिधित्वको छैन ।

उनीहरूको आवश्यकता भनेको उनीहरू लक्षित रोजगारी कार्यक्रम हुनुपर्छ जसले गर्दा उनीहरूलाई आर्थिक सहयोग पुगोस् । नगरपालिकाले उनीहरूको अधिकार र पहिचान सुनिश्चित गरिनु पर्ने माग उनीहरूको रहेको छ ।

## घ) महिला

कीर्तिपुर नगरपालिकामा बिशेषतः महिलाहरू गृहिणी, ससाना व्यवसाय, सिलाईबुनाई र कृषि क्षेत्रमा संलग्न छन् । नगरपालिकाले वडा स्तरमा महिला सञ्जाल गठन गरेको भएपनि सबै महिलाहरूको सूचनाको पहुँच सुधिढ देखिएन । वडा स्तरबाट तालिम वा अन्य कार्यक्रम आउँदा आफ्नो नजिकको मान्छेलाई सिफारिस गर्ने प्रवृत्ति रहेको छ । महिलाको नेतृत्व विकासमा पनि भाषा र शिक्षाका कारण आदिवासी जनजाति महिला, विशेषगरि नेवार र तामाङ महिलाहरूलाई समस्या रहेको बताइयो । । कीर्तिपुर नगरपालिकामा पानीको समस्या रहेकाले महिनावारीको समयमा महिलाहरूमा सरसफाईको कमी हुने र ईनारको पानीको प्रयोगले पाठेघरमा समस्या आउने गरेको स्थानीय महिलाहरूको रहेको छ । स्वास्थ्य सेवा केन्द्रले दिने सुविधा महिला लक्षित नभएको उनीहरू बताउँछन् । जस्तै गर्भवती महिला जाँच गर्न भिन्नै कोठा नभएको र स्वास्थ्य केन्द्रमा सरसफाई, औषधि कमी रहको अवस्था छ ।

स्वास्थ्य केन्द्रहरूले महिलाहरूलाई प्रजनन स्वास्थ्य र पोषण सम्बन्धि जानकारी र तालिम दिनुपर्ने आवश्यकता रहेको देखियो । नगरपालिकाले प्रदान गर्ने तालिममा कम्तीमा पनि दश जोड दुई (प्लस टु) पढेको मापदण्ड राखिएको हुँदा धेरै महिलाहरूले तालिम लिन नपाएको गुनासो भेटियो । तालिमहरू आधारभूत तहमा मात्र दिने गरिन्छ जसको कारण सीप विकास गर्न गाह्रो हुन्छ । तालिम प्रदान गर्दा महिलाको रुची र आवश्यकता अनुसार गरिनुपर्ने सुझावहरू उनीहरूले दिएका छन् । महिला हिंसा र घरेलु हिंसाका घटनाहरू पनि बारम्वार हुने गरेका छन् । तर धेरै घटनाहरू उजुरीमा जादैनन् किनकी महिलालाई त्यसबेला चाहिने आश्रयको कमी छ । त्यसैगरि महिलालाई चाहिने परामर्श दिने सघंसंस्थाहरूको कमी रहेको छ । आर्थिक शसक्तिकरणका लागि महिलालाई उद्यमशील तालिमको आवश्यकता देखियो । यसैगरि बजार व्यवस्थापन र कोषको व्यवस्थापन तालिम सहयोग प्रदान गरेमा महिलाहरू पनि उद्यमी बन्न सक्ने उनीहरूले बताए ।

## ङ) युवा

सन् २०११ को जनगणना अनुसार कीर्तिपुर नगरपालिकामा १८ देखी ३० उमेर समूहको युवा वर्गको कूल सख्या २८,३२२ जना रहेको छ । कीर्तिपुर नगरपालिकाको हरेक टोलमा क्लब सञ्चालन मार्फत युवाहरू संगठीत भएका छन् । तर कतिपय पुरुष युवाहरूले पढाई बीचमै छोड्ने समस्या देखियो जसको कारक घरको कमजोर आर्थिक

अवस्था औल्याइयो । स्वदेशमा राम्रो रोजगारीको कमीले गर्दा धेरै युवा वर्ग विदेशिएको पाईयो । कीर्तिपुरका युवाहरूबीच अर्को समस्या भनेको कुलतमा फस्ने र लागुपदार्थको लतमा लाग्नेको सख्या पनि उल्लेख्य रहेको छ ।

कीर्तिपुर नगरपालिका र वडा कार्यालयहरूले अहिले सम्म युवा लक्षित कार्यक्रम वा भेला गरेका छैनन् । युवाहरूलाई विभिन्न समिति, बैठकमा समावेश गरिएको अवस्था न्यून रहेको पाईयो । युवाहरूको आवश्यकता अनुसार सरकारी निकायको सूचना पर्याप्त छैन । युवा वर्गमा रोजगारीको समस्या चर्को रहेको छ तर नगरपालिकाबाट युवा लक्षित रोजगारी र तालिमको आयोजना गरिएको छैन । । युवावर्गले रोजगारमूलक तालिम, उद्यमी तालिम र व्यापार व्यवसायमा ऋण सहुलियतको अपेक्षा गरेका छन् ।

युवा वर्गका आवश्यकता अनुसारका गर्न सरकारी कोषबाट मात्र सम्भव नभएको सरकारी कर्मचारीहरू बताउँछन्। सरकारी स्तरबाट प्रदान गरिने ऋण वा अनुदान कार्यक्रम प्राप्त गर्ने प्रक्रिया पनि युवाहरूको बुझाईमा झंझटिलो छ ।

कीर्तिपुर नगरपालिका र वडा कार्यालयहरूले युवा र युवा क्लबहरूलाई समायोजन गरेर कार्यक्रम गरेका छैनन् ।

त्यसै गरि युवा क्लबमा महिला युवा वर्गको सक्रियता फितलो रहेको पाईन्छ । यसका कारण उनीहरूको घरायसी कामको व्यस्तता, अर्निच्छा , लजालु स्वभाव, साँस्कृतिक कारण र जनचेतनाको कमीले गर्दा मात्र नभएर महिलाहरूलाई उत्प्रेरणा दिने कार्यक्रमहरू पनि नभएको कारणले हो ।

## च) वृद्धा

नेपालको सन् २०११ को जनगणनाअनुसार कीर्तिपुर नगरपालिकामा वृद्धाको सख्या ३१,४४४ रहेको छ । वृद्धाहरूलाई दिउँसो वृद्धा दिवा सेवाको व्यवस्था गरिएको पाईयो । जसमा योगा, भजन कृतन तथा अन्य कार्यक्रमहरू समावेश गरिएको पाईयो । वृद्धा दिवा सेवा सञ्चालनका लागि वडाले सहयोग कोष स्थापना गरेको छ । त्यसैगरि वृद्धाले पाउने मासिक भत्ता लिन अहिले बैंक जानु पर्ने अवस्था रहेको छ । पहिला वडा कार्यालयबाट वृद्धभत्ता पाउँदा बढी सहज भएको बृद्धाहरूले बताए । स्वास्थ्य केन्द्र वडा नं: ४ मा रहेकाले अन्य वडाका मानिसलाई आवतजावत गर्न केही परिश्रम गर्नुपर्ने देखिन्छ । वृद्धाहरूका लागि स्वास्थ्य परीक्षण मासिक रुपमा भएमा राम्रो हुने बृद्धा समूहको भनाई छ । वडाबाट वृद्धा भ्रमणहरू सञ्चालन भएको र बृद्धा लक्षित अन्य कार्यक्रमहरू सञ्चालनको अपेक्षा रहेको पाइयो । नगरपालिकाले बृद्धबृद्धाहरूका लागि अन्य कार्यक्रमहरूद्धारा प्रोत्साहन गरेको छ, जस्तै दिवा सेवा अन्तर्गत उहाँहरूले स्वयम आफ्नो खर्चबाट खाजा बनाउने सामग्रीहरूको व्यवस्था गर्ने थालनी गर्नुभएको छ । त्यहाँ कार्यरत योगा गुरु, खाना खाजा पकाउने व्यक्ति र अरु सेवा गर्नेले स्वयमसेवा प्रदान गर्ने गरेका छन् । आफ्नो कल्याणकारी कामका लागि वडाले मासिक तलब तोकी दिए सहज हुने स्वयमंसेवकहरूको रहेको छ ।

त्यसै गरि वडामा केही काम परेर जाँदा वृद्धा प्राथमिकताको सहुलियत उनीहरूले पाउँदैनन् । कुर्नु पर्ने हुन्छ र बृद्धबृद्धाहरूको सूचनाको पहुँचका लागि नगरपालिकाले थप सघाउनुपर्ने देखिन्छ ।

## छ) अपाङ्गता भएका व्यक्तिहरू

सन् २०११ को जनगणना अनुसार किर्तीपुरमा अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या कूल ७३१ रहेको छ । जसमध्ये दृष्टिविहिनहरू १७०, बहिरा १२६, बहिरा र दृष्टिविहिन दुवै १०, बौद्धिक अपाङ्गताको सख्या १९, मानसिक अपाङ्गता ५५, बहु अपाङ्गता ३८, शारिरकि अपाङ्गताको सख्या २२५ र भाषामा समस्या भएको सख्या ८७ रहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई समाजबाट भेदभाव र हेला हुने गरेको पाईएको छ । शारीरिक अपाङ्गताको कारण समाजले वहाँहरूलाई विचराको पात्र बनाईएको पाईयो । त्यसका साथै आर्थिक स्थिति कमजोर भएको

र रोजगारीको अवसर कमी रहेको छ । अपाङ्गमैत्री भौतिक संरचना कमी रहेको छ । अहिलेसम्म नगरपालिकाले सडकपटी र टेप्टाईल टालेको छ तर मापदण्ड अनुसारको छैन । शिक्षामा सबैलाई शिक्षा भनिएको छ तर अपाङ्गता भएका वालवालिकाहरू नजिकको विद्यालयमा गएर सजिलोसँग पढ्न पाउने बातावरण छैन किनकी विद्यालयहरू अपाङ्गमैत्री छैनन् । नगरपालिकामा बौद्धिक अपाङ्गता र दृष्टिबिहिनहरूका लागि स्कुल छ तर साङ्केतिक भाषामा पढाउने स्कुल, प्रशिक्षकको कमी रहेको छ ।

अपाङ्ग परिचयपत्रको वितरण समय समयमा भईसकेको छ । सरकारबाट उपलब्ध गराइने मासिक भत्ता क र ख वर्गका अपाङ्ग व्यक्तिहरूले प्राप्त गरिरहनु भएको छ । तर पनि सूचना प्रवाहमा कमी कमजोरी रहेको वहाँहरू बताउनुहुन्छ । सबै अपाङ्ग भएका व्यक्तिहरूलाई सूचनामा पहुँच छैन । अपाङ्ग व्यक्तिलाई बिषेश तरिकाबाट सूचना प्रभाव गर्नुपर्ने हुन्छ जुन यहाँ कमी छ । सूचना कक्षमा दोभाषे सेवा उपलब्ध छैन । स्वास्थ्यमा पनि अपाङ्ग व्यक्तिको पहुँचको कमी रहेको पाइयो । । सरकारले अस्पतालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि पृथक बेडको व्यवस्था गराएको भएपनि पहुँचवालाले सो सेवा लिइरहेको जानकारी प्राप्त भयो । अपाङ्ग व्यक्तिहरूकोस्वास्थ्य बीमा पनि सरकारले गराएको छैन । नगरपालिका वा वडाले कार्यक्रम गर्दा वा बजेटको छलफल गर्दा अपाङ्ग समुदायको प्रतिनिधिहरूलाई समावेश गराईएको पाइएन । । अपाङ्ग लक्षित समुहलाई तालिम, रोजगारको अवसर र कोटा छुटाईएको छैन । त्यसैगरि क्षमता अभिवृद्धि कार्यक्रम र समाजलाई अपाङ्गता भनेको के हो भनेर परिचित गराउने कार्य अहिलेसम्म भएको पाईएन । यसैगरी नगरपालिकामा कुन वडामा कति कति र कुन किसिमका अपाङ्ग बस्छन् र तिनीहरूको आवश्यकता अनुरुपका कार्यक्रम सञ्चालनको कमी रहेको छ ।

### ज) बालबालिका

सन् २०११ को जनगणनाअनुसार कीर्तिपुर नगरपालिकामा बालबालिकाको सख्या १२,२१६ रहेको छ । बालबालिकाका लागि हरेक टोलमा बालक्लब रहेका छन् । तिनै बालक्लब अन्तर्गत नगर स्तरिय बाल क्लबहरू सञ्चालित छन् जहाँ मासिक एक पटक कार्यक्रमबारे छलफल हुन्छ । बालबालिकाहरूलाई लक्षित गरेर वृक्षरोपण, नृत्य प्रतियोगिता, प्रश्नउत्तर प्रतियोगिता, हस्तलेखन प्रतियोगिता, सडक नाटक र रेडियो कार्यक्रमहरू नगरपालिकाले बेला बेलामा आयोजन गर्ने गरेको छ । कीर्तिपुर नगरपालिकामा बालमैत्री क्षेत्रको कमी छ । बालबालिका तथा युवा अवस्थामा कुलत, जस्तैः चुरोट तथा लागूपदार्थ सेवन गर्ने धेरैले गर्ने गरेका छन् । सार्वजनिक स्थलहरूमा बिशेषतः बालबालिकाहरूलाई जिस्काउने गरेको पाईयो । खेल्ने स्थल, सार्वजनिक स्थल, जस्तै पार्क, बास्केटबल कोटमा बालबालिकाहरूलाई जिस्काउने कारण लागूपदार्थ प्रयोग गर्ने व्यक्तिहरूको कारण नजाने वालवालिकाले बताए । वडा नं १ मा रहेको बालकालिका पार्कमा धेरै लागूपदार्थ प्रयोग गर्ने मान्छेहरूको जमात देखा पर्ने र ससानो बुट्यान जंगल भएको कारण बालबालिकाहरूले आफूलाई सुरक्षित महसुस गरेको पाईएन । वडा नं ५ मा बालबालिकाका लागि खुल्ला क्षेत्र नभएको र वडा नं ६ मा सानो जमिन रहेको तर टाढा र जंगलको कारण बालबालिकाहरू असुरक्षित महसुस गर्छन् ।

### झ) दलित समुदाय

नेपालको २०११ को जनगणना अनुसार कीर्तिपुर नगरपालिकामा दलित समुदायको कुल सख्या १,१०० रहेको छ । दलित समुदायको जग्गा कम भएको कारणले थोरै मात्र कृषि र पशुपालनमा निर्भर छन् । रोजगारका लागि ज्यालादारी काम, जस्तै घर बनाउनेमा खेतालो जस्ता काममा संलग्न छन् । रोजगारमा दलित विशेष भनेर तालिम वा कार्यक्रम गरिएको छैन । वडा स्तरको सूचना वा जानकारीहरूबारे पहुँच कम रहेको बताउँछन् । अहिले पनि विशेष गरी ठूला भनिने जातिले हेला तथा भेदभाव गर्ने गरेको पाईयो ।

वडा नं ४ को टुसालमा ४०/५० घरधुरी दलित समुदाय रहेको छ । यहाँ ढलको उचित व्यवस्थापन छैन र ठूला जाति भनाउँदाले वर्षायाममा आफनो घरबाट निस्केको ढल बाटोमा मिसाउने गरेका छन् जसले गर्दा

दलित समुदायमा स्वच्छता र स्वास्थ्यमा समस्या देखा परिरहेको छ । त्यहाँबाट आएको पानीले दलित समुदायका घरलाई नराम्रो असर गरिरहेको छ । यस समस्या बारेमा वडा भेलामा पनि सवाल राखिएको थियो तर यस बारे अहिले सम्म पनि सुनुवाई भएको छैन । यस घटनाले देखाउँछ दलित जातिलाई आफनो आवाज उठाउन सहज छैन, पहुँचको कमी छ ।

नगरपालिकाले दलित समुदाय लक्षित कुनै कार्यक्रम गरेको छैन र वडाबाट हुने तालिमको जानकारी पाउन पनिपहुँच कम छ ।

## २.२. दुई समूह (महिला समूह र दलित महिला समूह) मा लक्षित समुह छलफल मार्फत जोखिममा रहेका, सीमान्तकृत र विपन्न समूहको पहिचान र तिनीहरूको आवश्यकताको मूल्यांकन ।

कीर्तिपुर नगरपालिकाको वडा नं. ४ को टुसालमा आयोजित लक्षित समूहको छलफलले ४० देखी ५० घर परिवार दलित समुदाय रहेको देखाएको छ । यहाँका अधिकाशं जनताको आय स्रोत आवास र खेती किसानी रहेकोछ । तिनीहरूसँग कृषि अभ्यास गर्न आफ्नै जग्गा पर्याप्त नभएकाले बजार उत्पादनमा निर्भर रहनुपरेको छ । त्यहाँ गर्भावस्था र सुत्केरी आमालाई पोषणको बारेमा कुनै कार्यक्रमको जानकारी नभएकोले यसतर्फ कदम चाल्न अति आवश्यक देखिन्छ । स्वास्थ्य सेवा केन्द्रको सन्दर्भमा जागरुकता, सचेतना र सूचना प्रसार प्रचार कार्यक्रमको कमी रहेको छ । निःशुल्क औषधि पाउने सम्भावना पनि निकै कम रहेको छ । पूर्वधारका हिसाबले त्यहाँ उचित ढल निकास प्रणालीको आवश्यकता रहेको छ किनकी उनीहरूका छिमेकी, जो उच्च जाति भनिने घर परिवारले ढलको निकाश गरेकाले उनीहरूको सरसफाईमा समस्या देखिएको छ । उनीहरूले यो बारे उजुरी गरेता पनि सुनुवाई नभएको बताए । उनीहरूले यो समस्यालाई वडा बैठकमा पनि राखेका थिए तर कुनै सुनुवाई भएको पाइएन । वडाबाट दिईने सूचनाको बारेमा उनीहरूको पहुँच एकदम कम रहेको पाइयो । एक दलित महिलाको भनाईमा उनीहरूले वडामा गई सूचना जानकारीका बारे त्यति खोजीनीति गर्ने गरेका छैनन् र परिणामतः यसले उनीहरूको नेतृत्व विकासमा अवरोध पुऱ्याएको छ ।

वडा कार्यालय वा नगरपालिकाद्धारा प्रदान गरिने सीप विकास प्रशिक्षणका सन्दर्भमा मापदण्ड धेरै उच्च स्तरको भएकाले उनीहरूलाई पुरा गर्न कठिन हुने र त्यस कारणले पनि सम्भावित अवसरहरूबाट बिमुख हुनुपर्ने अवस्था रहेको भटियो । । तिनीहरूसँग जोखिम वा प्रकोपसँग सामना गर्ने क्षमता छैन र उनीहरूलाई सचेतना र प्रकोप व्यवस्थापन प्रशिक्षणको खाँचो रहेको छ । वृद्धभत्ता जस्ता सरकारबाट पाउने सामाजिक सुरक्षाका कार्यक्रम सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्दा उनीहरूलाई धेरै सजिलो महसुश भएको पाइयो ।

वडा नं. ९ को महिला समुहसँगको अर्को छलफलले के देखाउँछ भने उनीहरूको जीविकाउपार्जन खेती र साना व्यवसायमा निर्भर रहेकोछ । वडा कार्यालय र नगरपालिकाले हस्तकला, प्लम्बिङ्ग, ईलेक्ट्रीशियन र सिलाई सम्बन्धी विभिन्न प्रकारका तालिमहरू दिईरहेका छन् तर यस्ता तालिमहरू पश्चात व्यवहारिक ज्ञान, रोजगारी र लगानी कोष प्रदान गर्न वडा कार्यालय र नगरपालिका असफल भएका छन् जसले गर्दा उनीहरू यस्ता तालिममा मात्र सिमित भएका छन् । नगरपालिकाले प्रदान गर्ने प्रायः तालिममा उमेर हदबन्दी र शिक्षाको अवरोध रहेको छ जसले उनीहरूलाई त्यस्ता अवसरहरूको पहुँचमा बाधा वा अवरोध खडा गरेको छ । उनीहरूलाई उध्यमशीलता प्रशिक्षणको खाँचो रहेको छ जसले उनीहरूलाई सशक्तिकरण तर्फ उन्मूख हुन र व्यवसायलाई सफलतापूर्वक सञ्चालन गर्न सक्षम बनाओस् । उनीहरूको भनाई छ संक्रमण, कम सरसफाई र स्वच्छ बातावरणको अभावमा वडाका महिलाहरूको स्वास्थ्य समस्या गर्भाशय र प्रजनन प्रणालीमा समेत सम्बन्धराख्दछ । यहाँ एक स्वास्थ्य सेवा केन्द्र छ, जसमा बेड र गर्भवती महिलाको जाँचको लागि उचित ठाउँ छैन । यस केन्द्रमा सरसफाई र रेखदेकको कमी लगायत औषधी र सक्षम स्वास्थ्य सेवा प्रदायकको अभाव रहेको छ । तिनीहरूलाई यौन र प्रजनन शिक्षाको खाँचो रहेको छ किनकी महिलाले यससँग सम्बन्धित विभिन्न स्वास्थ्य समस्यको सामना गर्नु

परिरहेको छ। यसका साथै विद्यालय वा स्कूलमा किशोर किशोरीहरूलाई यौन शिक्षा प्रदान गर्न सरकारले प्राथमिकता दिनुपर्दछ। उनीहरूका अनुसार महिला माथि हुने घरेलु हिंसा व्याप्त छ र पीडितहरूको लागि सुरक्षित आश्रयको अभाव रहेको छ। साथै उनीहरू कानूनी प्रकृया र त्यस्ता घटनाहरूको गुनासो प्रकृया बारे सचेत छैनन्। त्यसैले महिला समूहहरूलाई त्यस्ता कानूनी प्रकृया र हिंसाको बारेमा जागरुक गराई सचेतना अभियानको बारेमा प्रशिक्षण चाहिन्छ। सूचना र अवसरहरूमा उनीहरूको पहुँच एकदम कम भएको र समय व्यवस्थापन पनि चुनौतीपूर्ण भएकाले निर्णय प्रकृयामा कुनै पहुँच छैन। पूर्वाधारको सवालमा सडकहरू साना भएकाले दमकल र सवारी साधनको प्रवेश सजिलो छैन। विपद् व्यवस्थापन प्रशिक्षणको आवश्यकता छ। वडा नं. ९ को देवला टोलमा नेवारी दलितका लगभग २०० घर परिवार पोडे (सफाईकर्मी) छन्, जहाँ बाल विवाह र अशिक्षाको समस्या रहेको छ।

## २.३. अवलोकन

समाजमा रहेका गतिविधिहरूको उपलब्धता र सान्दर्भिकताका आधारमा अवलोकन भ्रमण पनि गरिएको थियो।

- नेवार समुदाय भित्र रहेका पोडे समुदाय दलितमा नपर्ने तर नेवारहरू क्षेत्री ब्राम्हण जातिहरूले दलितको नजरबाट हेर्ने गरेको हुँदा उहाँहरूको पँहुच र नेतृत्व तहमा अत्यन्त कमजोर अवस्थामा रहेको छ।
- वडा नं ४ अवस्थित तामाङ समुदाय अत्यन्त दयनीय अवस्थामा रहेको देखिएको अवस्था छ। वडा नं ४ मा करिव ८०० जनसंख्या रहेको मा स्थानीय सरकारी संरचनामा एक जना पनि प्रतिनिधित्व नरहेको।
- वडा नं ४ मा बाटोको अत्यन्त समस्या रहेको।
- कीर्तिपुर नगरपालिकाका वडा नं १०, ९, ८ मा पानीको अत्यन्त समस्या रहेको र महिलाहरू पानी आउने समयमा सवै काम छाडेर भए पनि पानी थाप्न बस्नु पर्ने देखिएको।





# भाग
# ३



# मुख्य चुनौतीहरू र आगामी कदम

# ३. मुख्य चुनौतीहरू

लक्षित समूह तथा अन्तर्वार्ताका उत्तरदाताहरूका अनुसार समुदायका साझा चुनौतीहरू निम्न छन्

- **शिक्षाको अभाव** : महिलाहरू विषेश गरी दलित, पोडे, आदिवासी तामाङ समुदायका महिलाहरूमा शिक्षाकाबारेमा चेतनशील नभएको र विद्यालयमा जिस्क्याइने, हेप्ने, आदि कारणले विद्यालय छाड्ने दर उच्च छ। स्थानीय पोडे समुदायले बताए अनुसार बालविवाह/किशोरी अवस्थामा भागेर बिवाह गर्ने (पोइल जाने) कारणले छात्राले पढ्न छाड्छन्। लक्षित समूह छलफलमा बताइए अनुसार नेवार समुदायमा महिला किशोरीहरूले अहिले उच्च शिक्षा लिने क्रम बढ्दो छ।
- **सामाजिक सेवामा सीमित पहुँच तथा सहभागिता** : आदिवासी जनजाति महिलाहरू, दलित महिलाहरू, अल्प सख्यक समुदायहरूको सामाजिक सेवामा सीमित पँहुच तथा सहभागितामा चुनौती आम शिक्षा र स्वास्थ्यमा सीमित पहुँच र निणायक तहमा पहुँच नहुनु रहेको छ।
- **पितृसत्ता** : कीर्तिपुर नगरपालिकामा पितृसतात्मक सोच अत्यन्त हावि रहेकोमा महिलाहरूको सहभागिता र पँहुचमा असर गरिरको छ। आदिवासी महिलामा पनि तामाङ महिलाहरू, पोडे महिलाहरू, दलित महिलाहरू, अपाङगता भएका महिलाहरूको सहभाािता न्यून छ। युवा महिलाहरू युवा संजालमा अत्यन्त न्यून सहभागिता भएको कारणले सूचनामा पँहुचको कमी रहेको छ।
- **जनचेतनाको कमी** : दलित, आदिवासी, पोडे महिलाहरूले लक्षित समूह छलफलमा धेरै कानुनी कुरा नबुझेको बताए। नगरपालिकाले बनाउने गरेको योजनामा पनि आँफूहरू भाग नलिने गरेको बताए। उनीहरूमा जनचेतनाको अभाव छ र सूचना प्रविधिमा पनि कमी भएको जानकारी दिएका छन्।
- **बजारको अभाव** : लक्षित समूह छलफलमा कृषक समुदायले आफूहरू कीर्तपुर नगरपालिकाको वासिन्दा नभएता पनि कीर्तिपुरमा बसोवास गरि तरकारी खेती गर्दै समुदायलाई लाभ पुऱ्याइ रहेको तर बजार व्यवस्थापन र कृषि क्षेत्रको बिस्तारका लागि नगरपालिकाले विशेष सहुलियत नदिएको। नगरपालिकाले बजार व्यवस्थापन गरी दिएमा र बजार मूल्य निर्धारण गरी सहुलियत दिएमा कृषकहरू लाभाम्वित हुने बताए।
- **घरेलु हिंसा** : यस नगरपालिकामा महिलाविरुद्ध घरेलु हिंसा हुने गरेको सहभागीहरूले बताए। घरेलु हिंसा उजुरी गर्ने प्रचलन अति न्यून रहेको , उजुरी भै हाले पनि उजुरीकर्ताको सुरक्षाका निम्ती कुनै व्यवस्था नरहेकाले घरेलु हिंसा चुनौतीपूर्ण रहेको छ।
- **सूचना/जानकारीको अभाव** : लक्षित समूह छलफलमा वडा समिति वा अन्य कुनै पनि समितिहरूबाट हुने योजना तर्जुमा र कार्यक्रमको कार्यान्वयनका बेला दलित, आदिवासी जनजाति महिलाहरू, अपाङ्गता भएका समुदाय, पोडे समुदायका महिलाहरू, तामाङ समुदायका महिलाहरूमा जानकारी दिने नगरिएको बताए। जानकारी दिएता पनि सूचना टाँस गर्ने गरेको, जसमा सूचना पढ्न नसक्ने, नबुझिने र कहिले टाँस गर्छ भन्नेबारे पनि जानकारी नहुने बताए।।
- **निर्णय प्रक्रियामा सीमित सहभागिता** : तामाङ, पोडे महिलाहरूको समहभागिता अत्यन्त न्युन रहेको पाइयो। "बैठक र कार्यक्रमहरूमा उहाँहरूलाई नबोलाउने र सूचना पनि नदिइने उहाँहरूको गुनासो रहेको छ।

अवलोकन तथा लक्षित वर्ग छलफलको तथ्याङ्कले जोखिममा रहेका, सीमान्तकृत र सुविधाबाट बञ्चित समूहहरूको समावेशीता तथा सशक्तीकरणका लागि मुख्य अवरोधहरू निम्न रहेका छन् :

- निर्णय प्रक्रियामा जोखिममा रहेका, सीमान्तकृत र सुविधाबाट वञ्चित समुदायको सहभागिता नहुनु,

- विशेष प्रकारका कार्यक्रमहरू, जस्तै लागु औषधमा लागेका युवाहरूलाई सम्बोधन गर्ने गरि नल्याइनु ।
- बालवालिकाहरूका लागि कुनै विशेष ठाँउ नरहेकाले बौद्धिक विकासमा कमी हुनु ।
- अशिक्षित महिला लक्षित कार्यक्रम नभएकाले आर्थिक शसक्तिकरण न्युन रहनु ।
- कृषक समुदायलाई विशेष ध्यान नदिइका कारणले कृषक समुदाय कृषि पेशाबाट निरुत्साहित हुनु ।
- पोडे समुदायमा बाल विवाह अत्यन्त उच्च रहेको तर नगरपालिकाले बाल विवाह रोक्नन कुनै विशेष कदम नउठाउनु ।
- पोडे समुदाय तथा दलित समुदाय प्रति उच्च भेदभाव रहनु ।
- योजना तर्जुमा र कार्यान्वयनको समयमा राजनीतिक हस्तक्षेप हुनु ।

# ४. पहिचान गरिएका आवश्यकता र आगामी कदम

**क) आदिवासी समुदाय**

आदिवासी समुदायलाई वडा स्तर वा नगर स्तर समिति वा कार्यक्रममा हर तरहले समावेश गर्नुपर्दछ । आदिवासीको पहिचान र संस्कृतिको संरक्षण गर्नुपर्दछ । पारस्परिक जीविकोपार्जनको माध्यमलाई प्रोत्साहन दिएर त्यसबाट उद्यमशीलता विकास गर्नु पर्दछ । विभिन्न तालिम र रोजगारीका अवसरमा आदिवासीका लागि कोटाको व्यवस्था गरिनुपर्दछ ।

**ख) यौनिक अल्पसंख्यक**

यौनिक अल्पसंख्यकलाई विशेष सीप तालिम उपलब्ध गराईनु पर्ने र रोजगारीमा शिक्षा अनुसारको कोटा राखिनु पर्ने । नगरपालिकाले यस समुदायको अधिकार र पहिचान सुनिश्चित गरिदिनु पर्ने र जनचेतना बढाउनु पर्ने जसले गर्दा यौन अल्पसंख्यकले समाजमा समान व्यवहार प्राप्त गर्न सकुन् ।

**ग) महिला**

महिलाहरूको विकासका निमित्त महिलाहरूमा प्रतिच्छेदनको दृष्टिकोणले हेर्नुपर्नेछ । जस्तै महिला लक्षित कार्यक्रम वा तालिममा कुन महिला लक्षित गरिएको हो त्यही अनुसारको योजना बनाउनु पर्ने । महिला भित्रको विविधतालाई ध्यानका राखि, विविध समुहको चासोलाई ख्याल राखि कार्यक्रम र तालिमको मापदण्ड बनाईनु पर्ने छ ।

कार्यकममा महिलाहरूको सक्रिय पँहुच यकिन गर्न अनुकुल वातावरण र नीतिको आवश्यकता छ । महिलाहरूलाई रोजगारयुक्त तालिमको आवश्यकता छ । यसैगरी महिलाको आर्थिक शसक्तिकरणका लागि उद्यमशील तालिमको आवश्यकता छ ।

पानीको कमीले गर्दा महिलाहरूमा विषेश असर परेको हुँदा खानेपानीको आपूर्ति सहज बनाउनु पर्नेछ । महिलाहरू विरुद्ध हुने हिंसा कम गर्न यसबारे जनचेतना अभिबृद्धि गर्दै महिलाहरूलाई कानुनी उपचार सम्बन्धी तालिम दिनुपर्नेछ ।

**घ) युवा**

युवालाई विकास कार्यमा समावेश गरिनु पर्ने । युवालाई पनि नगरपालिकाले कार्यसमिति वा वडा स्तर समितिमा समावेश गरिनु पर्ने र युवा संजाल बनाउनका लागि नगरपालिकाले सहज वातावरण बनाउनु पर्ने । युवा लक्षित रोजगार कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । युवालाई उद्यमी विकासमा सहजीकरण गर्नलाई सहुलियत प्रदान गरिनु पर्ने । युवा वर्गलाई शिक्षामा छात्रवृत्ति व्यवस्था गरिनु पर्ने । लागुपदार्थ सम्बन्धी जनचेतना र कार्यक्रम गरिनु पर्ने ।

### ङ) वृद्धा

वृद्धाहरूलाई वृद्धामैत्री बाटो जस्तैः आकाशेपुलहरू बाटो बनाईदिनु पर्ने । वृद्धाहरूलाई मासिक स्वास्थ्य उपचार प्रदान गरिनु पर्ने । वृद्धा दिवा सेवामा नगरपालिकाले सामग्री र आर्थिक सहयोग गरिदिनु पर्ने । वृद्धा लक्षित कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

### च) अपाङ्ग

अपाङ्गता भएका व्यक्तिहरूको बारेमा अध्ययन हुनु पर्ने जस्तैः संख्या, प्रकार र त्यही अनुसारको कार्यक्रम हुनु पर्ने । बौद्धिक अपाङ्गलाई स्कुल र दिवा सेवा केन्द्र खोलिनु पर्ने । साङ्केतिक भाषाको प्रशिक्षक विद्यालयमा उपलब्ध गराईनु पर्ने । विद्यालयहरूमा राम्प उपलब्ध गराउनु पर्ने । सूचना प्रवाह अपाङ्गमैत्री हुनु पर्ने र अपाङ्ग समुदायको सूचनामा पहुँच बढाउनु पर्ने । अपाङ्ग समुहलाई नगर वा वडाको समिति र कार्यक्रममा समावेश गराईनु पर्ने । अपाङ्ग व्यक्तिले पाउने स्वास्थ्य सुविधा सुनिश्चित गर्नु पर्ने । स्थानीय तहमा कोटाको व्यवस्था गरेर अपाङ्ग समुहलाई रोजगारीमूलक तालिम प्रदान गर्नुपर्नेछ ।

### छ) बालबालिका

बालबालिकालाई बालमैत्री वातावरणको सृजना गरिदिनु पर्ने । बालबालिकाको खेलकुद र अन्य क्रियाकलापका लागि खाली ठाउँहरूको आवश्यकता छ । बालबालिकालाई लागु पदार्थ प्रयोग नगर्ने बारे सचेतना, परामर्श प्रदान गर्नु पर्ने । यसै गरी किशोर अवस्थामा रहेका बालबालिकाहरूलाई यौन शिक्षा र जनचेतना दिनु पर्ने । बालबालिकाको विकास कार्य र विभिन्न सीप प्रदान हुने कार्यक्रम सञ्चालन गरिनु पर्ने ।

### ज) दलित

दलित समुदायलाई विभिन्न कार्य समितिमा समावेश गरिनु पर्ने । दलित समुदाय लक्षित रोजगारी कार्यक्रम र तालिम प्रदान गरिदिनु पर्ने । दलित वा तल्लो भनिएको जातिलाई अहिले पनि गरिने दुर्व्यवहार हुने गरेकाले त्यस विरुद्ध जनचेतना फैलाउनु पर्ने ।

## क्षेत्र अनुसार आवश्यकता विश्लेषण

### क) स्वास्थ्य

स्वास्थ्य सेवा केन्द्रमा सरसफाई कायम गरिनु पर्ने । गर्भवती जाँचको लागि बेडको व्यवस्था गरिनुपर्ने । विभिन्न ल्याब जाँच उपलब्ध गराईनुपर्ने र साधारण औषधि बाहेक अन्य महत्वपूर्ण औषधि राखिनुपर्ने । साथै औषधिको मात्रा वडाको जनसंख्या अनुसार बढाउनुपर्ने । पोषण बारे विशेषतः गर्भवती, सुत्केरी, वृद्धा र नवजात शिशुलाई चाहिने आहार सम्बन्धी समुदायलाई परामर्श दिइनुपर्ने । महिला र वृद्धाहरूलाई पाठेघर र अन्य समस्याबारे स्वास्थ्य क्याम्प सञ्चालन गरिनुपर्ने । महिला र पुरुषलाई प्रजनन् सम्बन्धी जानकारी प्रदान गरिनुपर्ने ।

### ख) शिक्षा

सरकारी विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउनुपर्ने । पढाई नियमित गराउनु पर्ने र विद्यालय व्यवस्थापन राम्रो गराउनु पर्ने । विद्यालयमा हुने जातित्वको आधारमा हुने भेदभाव हटाउन जनचेतना फैलाउनु पर्ने । बालबालिका कुलतमा लाग्न नदिनलाई विद्यालय स्तरमा परामर्श साथै विशेष प्रकारका कार्यक्रमहरूको आयोजना गर्नु पर्दछ ।

### ग) भौतिक पूर्वाधार

कीर्तिपुर नगरपालिकामा ढल व्यवस्थापनको राम्रो प्रवन्ध गरिनु पर्ने । अपाङ्गमैत्री बाटो लगायत भौतिक पूर्वाधारको विकास गरिनु पर्ने । विपद्को समयमा प्रयोगमा आउने खुल्ला ठाउँ निर्धारित गरिनु पर्ने ।

### घ) लैङ्गिक समानता र समावेशीकरण

नगरपालिकामा अहिले जातिय र लिङ्गको आधारमा भेदभाव भएको पाईयो । जसका लागि नीति र कार्यक्रम संचालन गर्नु पर्ने । त्यसै गरि तेस्रो लिङ्गी समुदायलाई उनीहरूको अधिकार र पहिचान सुनिश्चित गर्नु पर्ने । नगरको समिति वा कार्यक्रममा सबै लिङ्ग, वर्ग, जात, उमेर र अवस्थाकोनागरिकको समावेश गरिनु पर्ने । कुनै कार्यक्रम वा तालिम सञ्चालन गर्दा लक्षित वर्गको आवश्यकता र चासो पहिचान गरेर गर्नु पर्ने ।

### ङ) सुशासन

नगरपालिका वा वडाले आफ्नो सूचना र जानकारी सबै समुदायमा पुऱ्याउनु पर्ने । सूचना वा जानकारीको पहुँच बढाउनु पर्ने । आफनो काम वा सूचनामा पारदर्शीता कायम गर्नु पर्ने । सबैलाई समान व्यवहार गरि कार्यहरू अगाडि लानु पर्ने । नगरको काम गर्ने प्रक्रिया सहज ढंङगको बनाउनु पर्ने ।

### च) जीविकोपार्जन

पारस्परिक पेशालाई प्रोत्साहन दिएर त्यसको संरक्षण गरिनु पर्दछ । रोजगारमूलक कार्यक्रम आयोजना गर्दा लक्षित वर्गको विविधता, योग्यता र रुचीलाई ध्यानमा राखि प्रयोजन गरिनु पर्दछ । तालिम दिदा आधारभूत तालिममा मात्र सीमीत नभई अग्रिम तालिम पनि गरिनु पर्ने साथै त्यसका व्यवहारिक अभ्यासहरू प्रदान गरिनु पर्दछ ।

## सुझाव

- दिगो लक्ष्यका उपलब्धीका लागि लैङ्गिक समावेशीकरण नीति ल्याउनु पर्ने ।
- विपन्न, कमजोर, पिछडिएका र सीमान्तकृत वर्ग लक्षित कार्यक्रम गरिनु पर्ने । लक्षित कार्यक्रम निर्धारण गर्ने योजनामा यि वर्गको अनिवार्य उपस्थित गराउन विशेष मार्ग निर्देशिका बनाउनु पर्ने ।
- हरेक वर्षको योजना तर्जुमा गर्ने बेलामा हरेक वडामा गई सुचना दिनु पर्ने र सूचना बुझ्ने भाषामा हुनु पर्ने ।
- वडा वा नगर समितिहरूमा पिछडिएका, सीमान्तकृत र वञ्चित समुदायबाट अनिवार्य अर्थपूर्ण प्रतिनिधित्व गराईनु पर्ने ।
- समुदायको हरेक वर्गलाई सूचना र जानकारीको पहुँच बढाईनु पर्ने ।



# सन्दर्भ सामग्री सूची


1. GESI Working Group, 2017: Gender Equality and Social Inclusion Working Group, International Development Partners Group, Nepal.
2. National Planning Commission, 2017: Nepal's Sustainable Development Goals Status and Roadmap: 2016-2030. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal.
3. National Planning Commission, 2017: Needs Assessment, Costing and Financing Strategy for Nepal's Sustainable Development Goals. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal.
4. National Planning Commission, 2017: Nepal's Sustainable Development Goals, Baseline Report, 2017. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal
5. National Planning Commission, 2015: Sustainable Development Goals, 2016-2030, National (Preliminary) Report. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal
6. Operational Guidelines for Gender Equality and Social Inclusion Mainstreaming in the Health Sector, Ministry of Health and Population (MoHP), 2013.
7. Policy and program 2076/077.Municipality Krititpur
8. GESI Working Group, 2017: Gender Equality and Social Inclusion Working Group, International Development Partners Group, Nepal.
9. National Planning Commission, 2017: Nepal's Sustainable Development Goals Status and Roadmap: 2016-2030. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal.
10. National Planning Commission, 2017: Needs Assessment, Costing and Financing Strategy for Nepal's Sustainable Development Goals. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal.
11. National Planning Commission, 2017: Nepal's Sustainable Development Goals, Baseline Report, 2017. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal
12. National Planning Commission, 2015: Sustainable Development Goals, 2016-2030, National (Preliminary) Report. Government of Nepal, National Planning Commission, Kathmandu, Nepal
13. Operational Guidelines for Gender Equality and Social Inclusion Mainstreaming in the Health Sector, Ministry of Health and Population (MoHP), 2013.
14. Policy and program 2076/077.Municipality Krititpur

# परिशिष्ट

## परिशिष्टः १ः समुदायसँग छलफलका केही झलकहरूः



युवाहरूसँगको छलफल



अपांगहरूसँगको छलफल



कृषकहरूसँगको छलफल




महिलाहरूसँगको छलफल



यौनिक अल्पसंख्यकसँगको छलफल

## परिशिष्ट - २: लक्षित समुह छलफलका प्रश्नहरू:

### लक्ष्य नं १

- तपाईहरूले अहिलेसम्म कुनै परम्परागत पेशाहरू गरिराख्नु भएको छ ?
- यदि छ भने त्यसको बारेमा जानकारी दिनुहोस् । यदि छैन भने के कारणले तपाईहरूले परम्परागत पेशा छोडनु भयो ?
- तपाईहरूको समुदायको परम्परा जोगाउनलाई सरकारले के गर्नुपर्छ ?
- तपाईहरूको जीविकोपार्जनका स्रोतहरू के के हुन्?
- तपाई आदिवासी जनजाति,दलित,महिला भएर सरकारबाट के कस्तो सुविधा पाउनु भएको छ ?
- उक्त सुविधाहरू प्राप्त गर्न के कस्ता कठिनाईहरू भोग्नु भएको छ ?
- तपाईहरूको वडा, नगरपालिकाले आयआर्जन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको छ ?यदि छ भने यी कुराहरूको जानकारी र अवसर कसरी प्राप्त गर्नुहुन्छ ? यस्ता कार्यक्रमहरू तपाईहरूको अपेक्षा अनुसार भएको छ ? छैन भने स्थानीय तहबाट कस्तो प्रकारका कार्यक्रमहरू संञ्चालन गरिनु पर्छ ?
- यदि तपाईहरूले यस्तो किसिमको जानकारी नपाउनुका कारणहरू के छन?

### लक्ष्य नं २

- तपाईहरू कृषि पेशा गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने त्यसबाट तपाईको परिवारलाई वर्षभरी खान पुग्छ ?
- स्थानीय तहबाट तपाईहरूको समुदायमा पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको छ ?
- कृषि र पशुपालनमा सरकारले दिने सुविधाहरूका बारेमा तपाईलाई जानकारी छ ?
- तपाईहरूको कृषि तथा पशुपालनबाट हुने उत्पादनलाई बढाउनको लागि सरकारले कस्तो सहयोग गर्नु पर्दछ ?
- कृषि र पशुसेवा केन्द्रको सेवा प्राप्तगर्न के कस्ता बाधाहरू भोग्नु भएको छ ?

### लक्ष्य नं ३

- तपाईहरूको समुदायमा कस्तो प्रकारका स्वास्थ्य सम्बन्धी समस्याहरू छन् ?
- स्वास्थ्य सेवा केन्द्रले दिने सेवामा तपाईको पहुँच कस्तो छ ? र सेवा लिँदा र सेवा लिने क्रममा तपाईको भाषा, आर्थिक स्थिती र जातिको आधारमा कुनै किसिमको विभेद भोग्नु भएको छ ?
- सरकारी स्वास्थ्य केन्द्रहरूमा के कस्ता कमजोरीहरू रहेका छन् ?
- तपाईले यौन प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी जानकारी वा शिक्षा प्राप्तगर्नु भएको छ ? छ भने कुन माध्यमबाट प्राप्त गर्नुभएकोछ ।

### लक्ष्य नं ४

- तपाईहरूको समुदायमा स्थानीय तहबाट प्रारम्भीक बालविकास केन्द्रहरू संचालन गरिएको छ ?
- तपाईका बालबालिकाहरूले सरकारद्धारा प्रदान गरिने प्राथमिक र माध्यमिक तहमा निशुल्क शिक्षा पाएका छन? यदि छन् भने यस प्रक्रियामा के कस्तो कमीकमजोरी देख्नु भएको छ ?
- सरकारद्धारा प्रदान गरिने व्यवसायीक र प्राविधिक तालिम वा शिक्षामा तपाईहरूको समान पहुँच छ ?
- तपाईहरूको सीप विकास र उद्यमशीलता विकास गर्नलाई के कस्तो तालिम दिइनुपर्दछ ?

### लक्ष्य नं ५

- तपाईले महिला वा युवती भएकार के कस्तो भेदभाव भोग्नु भएको छ ?
- तपाईहरूको समुदायमा महिलाले घरभित्र र घर बाहिर के कस्तो हिंसा भोग्नु परेको छ ?
- तपाईलाई कुनै पनि प्रकारको हिंसा सम्बन्धी उजुरी दिने प्रक्रिया थाहा छ ?
- तपाईको विचारमा यस्तो किसिमको हिंसा हटाउन सरकारले के गर्नुपर्छ ?

### लक्ष्य नं ६

- तपाईहरूको सुरक्षित खानेपानी र सरसफाईमा समान पहुँच छ ?
- खानेपानी र पानीको स्रोत सम्बन्धी तपाईले कुनै किसिमको भेदभाव देख्नु भएको वा भोग्नु भएको छ ?
- तपाईहरूको समुदायले सरसफाई सम्बन्धी कुनै समस्या भोग्नु परेको छ ?

### लक्ष्य नं ८

- तपाईहरूको वित्तिय संस्थाहरूमा पहुँच छ ?यदि छैन भने के कारणले होला?

### लक्ष्य नं ११

- तपाईहरूको सुरक्षित आवासमा पहुँच छ?
- पूर्वाधार विकास सम्बन्धी तपाईहरूको समुदायमा कुनै समस्या छ ?
- तपाईहरूले भूकम्प पश्चात राहत सजिलो प्रक्रियाले पाउनु भयो कि भएन?

### लक्ष्य नं १३

- तपाईको समुदायले मौसम सम्बन्धी जोखिमहरू अनुभव गर्नु भएको छ ?मौसममा के कस्तो परिवर्तनहरू अनुभव गर्नु भएको छ ?
- तपाईहरूलाई जैविक तथा प्राकृतिक प्रकोप सम्बन्धी जानकारी छ अथवा यस सम्बन्धी कुनै तालिम लिनु भएको छ ?यस सम्बन्धी तपाईहरूको क्षमता अभिवृद्धि गर्न सरकारले के गर्नुपर्दछ ?
- स्थानीय सरकारको जैविक जोखिम कमी गर्ने प्रक्रियाको बारेमा जानकार हुनुहुन्छ ?

## सहभागिता र प्रतिनिधित्व

- तपाईको समुदायलाई राजनैतिक, आर्थिक र सार्वजनिक जीवनमा नेतृत्व गर्ने समान अवसरहरू छन् ? यदि छैनन् भने यसमा के कस्ता बाधाहरू रहेका छन् ?
- सरकारको निर्णायक तहमा तपाई वा तपाईहरूको समुदायको प्रतिनिधित्व रहेको छ ? छ भने कहाँकहाँ छ ? छैन भने के कस्ता बाधाहरू छन् ?
- सरकारले सञ्चालन गर्ने कार्यक्रम वा सरकारका विभिन्न निकाय र समितिहरूमा कोटा प्रणाली अनुसार सहभागिता गराइएको छ ? (जस्तै : दलित,आदिवासी,महिला,मुस्लिम आदि)

### वृद्धा

- सरकारबाट तपाईहरूले कस्ता सेवा र सहुलियत प्राप्तगर्नु भएको छ ?

- तपाईहरूको स्वास्थ्य उपचारमा सरकारले सहयोग प्रदान गरेको छ ?
- सरकारले दिएका सेवा र सहुलियत प्राप्तगर्दा के कस्ता समस्या भोग्नु भएको छ ?
- तपाईहरूका लागि सरकारले कस्तो किसिमका क्रियाकलाप वा कार्यक्रम बनाउनु पर्दछ ?
- सार्वजनिक पूर्वाधारहरू (बाटो,अस्पताल,धारा,चौतारी,पार्क) र यातायातहरू तपाईहरू मैत्री छन् ?

## युवा

- स्थानीय सरकारले युवा लक्षित कुनै कार्यक्रमहरू सञ्चालन गरेको छ ? यदि छ भने जानकारी दिनुहोस् । यदि छैन भने सरकारले के कस्ता कार्यक्रमहरू बनाउनु पर्दछ ?
- सरकारले सेवा प्रदान गर्दा तपाईहरूले केही समस्या भोग्नु भएको छ ?
- सरकारले प्रदान गरेको रोजगारी तथा सीप विकास तालिममा सहभागि हुनु भएको छ ?
- युवाहरूलाई सरकारले कस्तो किसिमका कार्यक्रम तथा तालिम सञ्चालन गरिनु पर्नेछ ?
- तपाईको विचारमा सरकारले युवाहरूको उद्यमशीलता विकासमा ध्यान दिनु पर्दछ ? यदि पर्छ भने कुनकुन क्षेत्रमा उद्यमशीलता विकास गराउन सकिन्छ, बताउनुहोस?

## यौनिक अल्पसंख्यक समूह

- सरकारी सेवाहरूमा तपाईहरूको पहुँच कस्तो छ ?
- समुदायमा वा सरकारी सेवा प्राप्त गर्दा तपाईहरूको समुदायले के कस्तो भेदभाव भोग्नु भएको छ ?
- सरकारले तपाईहरूको समुदाय लक्षित अहिलेसम्म कुनै कार्यक्रम वा गतिविधि सञ्चालन गरेको छ ? छ भने त्यस बारे जानकारी दिनुहोस् । छैन भने के कस्तो कार्यक्रम तपाईहरूको समुदायलाई लाभदायक हुन्छ ?
- सरकारले तपाईहरूको आवश्यकता पूरा गर्नमा के कस्ता कमजोरीहरू सुधार्न सक्दछ ?
- तपाईहरूको विचारमा सरकारले तपाईहरूको अधिकार कसरी सुनिश्चित गर्न सक्दछ ?

## अपाङ्गता भएका व्यक्तिहरु

- सरकारबाट तपाईहरूले के कस्तो सेवा सुविधा प्राप्त गर्नुभएकोछ ?
- सरकारबाट दिइने सेवा सुविधा प्राप्त गर्दा कुनै बाधा वा समस्या भोग्नुभएको छ ?
- सरकारले तपाईहरूको आवश्यकता पूरा गर्न कुनै क्रियाकलाप वा कार्यक्रम गरेको छ ?यदि छैन भने सरकारले के कस्तो गतिविधिलाई प्राथमिकता दिनुपर्दछ ?
- तपाईहरूको नगरपालिकाको पूर्वाधार विकास अपाङ्गमैत्री छ ?यदि छैन भने सरकारले पूर्वाधार विकासमा के कस्ता पक्षमा प्राथमिकता दिनुपर्दछ ?
- तपाईहरूको क्षमता विकासमा सरकारले के कस्तो सहयोग पुर्‍याउन सक्दछ ?

## स्थानीय तह

- तपाईहरूको वडामा कुनकुन पिछडिएका जनजाति, सीमान्तकृत, बहिष्करणमा परेका र असुरक्षित समुदायहरू छन् ?
- यी समुदायहरू लक्षित के कस्ता कार्यक्रमहरू गर्नु भएको छ ?
- यी समुदायहरको विशेष समस्या वा मुद्दाहरू के के हुन?



"सांकृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर !
स्वच्छ, हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर !!"



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं